नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :

चलानी नम्बर :-

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प्रेस विज्ञप्ती

नयाँ बर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण उद्योगी, व्यवसायी तथा आम उपभोक्ताहरुमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

विश्वव्यापी महामारी कोभिड - १९ को संक्रमणको जोखिम पुनः बढ्दै गई रहेको छ। यस अघि कोभिड -१९ को रोकथामका लागि गरिएको बन्दाबन्दीका कारण उद्योग व्यवसाय सञ्चालनमा अवरोध पुगेको र वस्तु तथा सेवाको आपूर्ति समेत प्रभावित भएकोबारे हामी सबै अवगत नै छौं। मुलुकलाई फेरी बन्दाबन्दीको अवस्थामा पुग्न नदिन, महामारीको संक्रमणबाट बच्न र बचाउन सुरक्षित उपायको अवलम्बन गर्नु हामी सबैको कर्तव्य हो । अतः मुलुकभर उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी कार्यहरु गर्दा कोभिड - १९ को जोखिम न्यूनीकरण हुने उपायहरुको अवलम्बन गर्नु आवश्यक छ । विश्वव्यापी रुपमा फैलिरहेको कोभिड महामारीको संक्रमणको जोखिमको नियन्त्रण र रोकथामका लागि मन्त्रालय अन्तर्गतका निकाय तथा कार्यालयका साथै उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेण्टल स्टोर, विक्री केन्द्र एवं पसलहरुले कोभिड महामारीको संक्रमण फैलिन नदिने गरी सार्वजनिक सेवा प्रवाह, वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा विक्री वितरण लगायतका कार्यहरु सुरक्षित तवरले संचालन गर्न मन्त्रालय हार्दिक अनुरोध गर्दछ। मन्त्रालयले मिति २०७७/०४/१५ मा जारी गरेको "कोभिड -१९ महामारीको समयमा उद्योग,वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड" को अनिवार्य पालना गर्नु गराउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

मिति : २०७८/०१/०३

डा. नारायण प्रसाद रेग्मी
सहसचिव, प्रवक्ता